१४. महेन्द्र कुमारी खड्का, जिल्ला अस्पताल, तेह्रथुम
१५. कृषि अधिकृत, ज्ञान कुमार यादव, प्रधानमन्त्री कृषि परियोजना कार्यान्वयन ईकाई, तेह्रथुम
१६. प्र. स्वा.प्रा, विधा ढुंगाना, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, तेह्रथुम
१७. वडा अध्यक्ष, कमल बानीया, ला.न.पा-०३
१८. नि.ईकाई प्रमुख, भीम प्रसाद पौडेल, शिक्षा विकास तथा समन्वय ईकाई, तेह्रथुम
१९. शा.प्र. विनोद भट्टराई, राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, तेह्रथुम
२०. का.प्र, शिव प्रसाद धमला, नेपाल टेलिकम, तेह्रथुम

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तेह्रथुम

आज मिति २०७० असार २६ गते मंगलबारका दिन सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ (संसोधन सहित) को नियम १४८ बमोजिम तेह्रथुम जिल्लाको लागि निर्माण सामग्रीहरुको दररेट, ढुवानीहरुको दररेट, मेशिन तथा उपकरणहरुको भाडा, कामदारको ज्याला, वन तथा कृषिजन्य सामग्रीहरुको मूल्य निश्चित गर्न जिल्ला दररेट निर्धारण समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी कृष्ण पौडेलज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी आ.व. २०८०/८१ को लागि जिल्ला दररेट (मूल्य) निर्धारण गर्ने सम्बन्धमा [redacted] बैठक बसी छलफल गरियो ।

विशेष आमन्त्रित:-

१. समन्वय प्रमुख, गुमानसिंह ईस्वो, जिल्ला समन्वय समिति, तेह्रथुम
२. नगर प्रमुख, सञ्जय कुमार तुम्बाहाङ्फे, म्याङलुङ नगरपालिका, तेह्रथुम
३. उप-प्रमुख, जमुना मगर कार्की, लालीगुराँस नगरपालिका, तेह्रथुम

उपस्थिति:

| | | |
|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी, कृष्ण पौडेल, जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | - अध्यक्ष |
| २. | जिल्ला समन्वय अधिकारी, राम प्रसाद बाग्ले, जिल्ला समन्वय समिति, तेह्रथुम | - सदस्य |
| ३. | नि. प्रमुख कोष नियन्त्रक, कृष्णबाबु रिजाल, को.ले.नि.का., तेह्रथुम | - सदस्य |
| ४. | महासचिव, रोशन श्रेष्ठ, तेह्रथुम उद्योग वाणिज्य संघ, तेह्रथुम | - सदस्य |
| ५. | सदस्य, सुवास चौहान, नेपाल निर्माण व्यवसायी संघ, तेह्रथुम | -सदस्य |
| ६. | सदस्य, चन्द्रशेखर सुवेदी, नेपाल निर्माण व्यवसायी संघ, तेह्रथुम | -सदस्य |
| ७. | ई. शैलेन्द्र कुमार सिंह, पूर्वाधार विकास कार्यालय, संखुवासभा | - सदस्य सचिव |

आमन्त्रित:

१. जिल्ला न्यायधिवक्ता, पुरूषोत्तम खतिवडा, जिल्ला सरकारी वकील कार्यालय, तेह्रथुम
२. प्र.ना.उ., राजन चापागाईं, जिल्ला प्रहरी कार्यालय, तेह्रथुम
३. स.प्र.ना.उ., कविराज बस्नेत, सशस्त्र प्रहरी बल, नेपाल नं. ३ गुल्म हे.क्वा, तेह्रथुम
४. प्र.अ.अ., सञ्जय कुमार मण्डल, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, तेह्रथुम
५. सह-सेनानी, अमर जंग राई, शत्रुमर्दन गुल्म, तेह्रथुम
६. ई. विशाल पोखेल, जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय, तेह्रथुम
७. ई. उदय नारायण चौधरी, बसन्तपुर नयाँ शहरी आयोजना, तेह्रथुम
८. ई. उमेश शाह, म्याङलुङ नगरपालिका, तेह्रथुम
९. ई. प्रतिश ढकाल, नेपाल विद्युत प्राधिकरण, तेह्रथुम
१०. स.प्र.जि.अ., बिक्रम लिम्बु, जिल्ला प्रशासन कार्यालय, तेह्रथुम
११. अध्यक्ष, अर्जुन ढुंगाना, तेह्रथुम च्याम्बर अफ कमर्श, तेह्रथुम

निर्णय नं. १: आ.ब. २०८०/८१ का लागी मिति २०८०/०४/०१ देखी तेह्रथुम जिल्लाभरी लागु हुने गरी संलग्न सूची अनुसारका विभिन्न निर्माण सामग्री मेशीन तथा उपकरणको भाडा र श्रमिकहरूको ज्याला दररेट स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. २: श्रमिकहरूको उपलब्धताको आधारमा (श्रमिकको उमेर कानून बमोजिम र दैनिक काम गर्ने अवधी ८ घण्टा)लाई आधार मानी गत आ.व. २०७९/८० मा कायम गरिएको ज्याला दरमा नेपाल राष्ट्र बैंकको ज्यालादर सुचांकको मान तथा प्रचलित बजार दरलाई आधार मानेर आ.व. २०८०/८१ को लागी संलग्न सूचीमा उल्लेख भए बमोजिम श्रमिकहरूको ज्यालादर निर्धारण गर्ने निर्णय गरियो।

निर्णय नं. ३: यसमा उल्लेख नभएका निर्माण सामग्रीहरू तथा अन्य आवश्यक सामग्रीहरूको हकमा जुन कार्यालयलाई आवश्यक भएको हो सोही कार्यालयबाटै नेपाल सरकारको स्वामित्वमा रहेको संघ संस्था कम्पनी आदिले बिक्री गर्ने प्रचलित दररेट अथवा नेपाल सरकारको स्वामित्व रहेको संघ संस्थाबाट दररेट उपलब्ध हुन नसक्ने सामग्रीहरूको बजार भाउ सर्वेक्षण गरी कम्तीमा ३(तीन) बटा दरभाउ लिई स्वीकृत नर्म्स(Norms) को आधारमा दर विश्लेषण(Rate Analysis) गरी दररेट कायम गर्ने निर्णय गरियो।

निर्णय नं. ४: पुरातात्विक महत्त्वका विभिन्न निर्माण कार्यहरूमा विशेष प्रकारको दक्षता र सीप भएका श्रमिकहरूको प्रयोग हुने भएकाले ती श्रमिकहरूको दैनिक ज्याला दररेट पुरातत्व विभागबाट स्वीकृत गरिएको दररेटलाई नै कायम गर्ने निर्णय गरियो।

निर्णय नं. ५: मेशीन, औजार तथा उपकरणको भाडादर सम्बन्धी: मेशीन प्रयोग गरी सडक निर्माण गर्दा वा अन्य कार्य गर्नु पर्दा डोजर, स्काभेटर, रोलर, ग्रेडर आदीको दर सडक विभागबाट कायम गरिएको प्रति घण्टाको भाडादर अनुसार नै हुने निर्णय गरियो। (website of Heavy Equipment Division-www.dor.gov.np)

निर्णय नं. ६: निर्माण कार्य गरिने आयोजनाहरूमा श्रमिक मजदुरको व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको आवश्यक व्यवस्था गर्नुको साथै सार्वजनिक खरिद ऐन, नियमावलीमा व्यवस्था भएको बीमा लगायतका अन्य सुरक्षाका प्रावधान समेत सम्बन्धीत ज्यालादर प्रयोग गर्ने निकायले अनिवार्य रूपमा कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ७: उल्लेखित दररेटहरूमा मुल्य अभिवृद्धी कर समावेश गरिएको छैन।

निर्णय नं. ८: पेट्रोलियम पदार्थको हकमा नेपाल आयल निगमले निर्धारण गरेको मुल्य नै लागु हुने निर्णय गरियो।

निर्णय नं. ९: यस जिल्लामा उत्पादन नहुने सामाग्रीको हकमा नजिकको जिल्लाको दररेटलाई आधार लिई सो मा स्वीकृत ढुवानी खर्च जोडी हुने दररेट आधार मान्ने।

निर्णय नं. १०: तपशिल बमोजिमका वस्तु तथा सेवाको सम्बन्धमा देहाय बमोजिम जिल्ला दररेट निर्धारण गरियो।